# आन्तरिक राजस्व विभाग

## आर्थिक विधेयक,२०८० ले गरेको विभिन्न शुल्क र कर सम्बन्धी व्यवस्था

| क्र.सं. | दफा | व्यवस्था |
|---|---|---|
| १ | ७ | **स्वास्थ्य जोखिम करः**<br>विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिंडीमा प्रति खिल्ली **तीस** पैसा, चुरोट र सिगारमा प्रति खिल्ली **साठी** पैसा र तयारी खाने सुर्ती, खैनी, गुट्खा, पानमसलामा प्रति किलोग्राम **साठी** रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिने व्यवस्था गरिएको। |
| २ | ८ | **शिक्षा सेवा शुल्कः**<br>विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिंदा त्यस्तो सटही रकममा दुई प्रतिशतका दरको सट्टा **तीन** प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल गरिने व्यवस्था गरिएको। |
| ३ | २० | **विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स):**<br>गत आ.व. देखि सुरूवात गरिएको गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा **दुई** प्रतिशतका दरले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिने व्यवस्थालाई निरन्तरता दिइएको। |
| ४ | २१ | **विलासिता शुल्कः-**<br>नेपालमा उपभोग हुने देहायका विलासिताका वस्तु तथा सेवाको खरिद रकममा **दुई** प्रतिशतका दरले विलासिता शुल्क लगाई असुल गरिने व्यवस्थाको सुरूवात गरिएको।<br>(क) पाँच तारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा,<br>(ख) आयातित मदिरा,<br>(ग) दश लाख रूपैयाँभन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गरगहना। |
| ५ | २२ | **वैदेशिक पर्यटन शुल्कः-**<br>विदेशमा पर्यटन भ्रमणका लागि जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा देहाय बमोजिमको व्यक्तिले **पाँच** प्रतिशतका दरले वैदेशिक पर्यटन शुल्क लगाई असुल |

| | | |
|---|---|---|
| | | गरिने व्यवस्थाको सुरूवात गरिएको। |
| ६ | २३ | **वैदेशिक रोजगार सेवा शुल्कः**<br>प्रचलित संघीय कानून बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिने गरी **एक** प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नु पर्ने व्यवस्थाको सुरूवात गरिएको। |